**समुदायमा आधारित पाठेघरको मुखको क्यान्सर जाँचमा सहभागिता**

**पाठेघरको मुखको क्यान्सर हुनबाट बच्न आजै भि.आइ.ए. जाँच गराऔं , क्यान्सर हुनबाट बचौं ।**

## पाठेघरको मुखको क्यान्सर

नेपालमा पाठेघरको मुखको क्यान्सरबाट धेरै महिलाहरुले अकालमै ज्यान गुमाईरहेका छन् । पाठेघरको मुखको कोषिकाहरु अस्वभविक किसिमले बढ्ने् प्रकृया हुनु भनेकै पाठेघरको मुखको क्यान्सर हुनु हो ।

## पाठेघरको मुखको क्यान्सर कसरी हुन्छ ?

ह्युमन पापीलोमा भाइरस (एच्.पी.भी.) को संक्रमणले पाठेघरको मुखको क्यान्सर हुनसक्दछ । यो भाइरस यौन सम्पर्कवाट सर्दछ ।

## पाठेघरको मुखको क्यान्सर हुनु अगाडि नै कसरी थाहा पाउन सकिन्छ ?

- भि.आइ.ए. [अङ्ग्रेजीमा : Visual Inspection with Acetic Acid (VIA)] जाँच गरेर थाहा पाउन सकिन्छ ।
- तालिम प्राप्त स्वास्थ्यकर्मीले पाठेघरको मुखमा औषधी (५% एसिटिक एसिड) लगाई गरिने जाँच भि.आइ.ए. जाँच हो ।

## कस्ता महिलाले भि.आइ.ए. जाँच गराउनुपर्दछ ?

३० देखि ६० वर्ष उमेरका सबै महिलाहरुले केही समस्या नभए पनि प्रत्येक ५ वर्षमा भि.आइ.ए. जाँच गराउनु पर्दछ ।

## भि.आइ.ए. जाँच गरेर के फाइदा हुन्छ ? फाइदाहरु

- भि.आइ.ए. जाँचबाट पाठेघरको मुखको क्यान्सर हुनुभन्दा करिब १० वर्ष अगाडिको अवस्था थाहा पाउन सकिन्छ ।
- भि.आइ.ए. जाँचबाट पछि क्यान्सर हुने नहुने सम्भावना थाहा पाउन सकिन्छ ।
- भि.आइ.ए. जाँच गर्दा पाठेघरमा अन्य कुनै समस्या देखिएमा त्यसको पनि उपचार गराउन सकिन्छ ।
- तालिम प्राप्त स्वास्थ्यकर्मीहरुबाट सामान्य तरिकाले भि.आइ.ए. जाँच गरिन्छ र यसको नतिजा तुरुन्त थाहा पाउन सकिन्छ ।
- भि.आइ.ए. जाँच गर्दा दुख्दैन र शरीरमा कुनै नराम्रो असर गर्दैन ।

## भि.आइ.ए. जाँच कहाँ गरिन्छ ?

सरकारी अस्पताल, स्वास्थ्य चौकी र नगर स्वास्थ्य केन्द्रहरुमा भि.आइ.ए. जाँच निःशुल्क गरिन्छ ।

AARHUS UNIVERSITY

नेपाल विकास समाज NEDS Nepal Nepal Development Society 2070